## २०७५ साल माघ १० गते बसेको लमही नगर कार्यपालिकाको बैठकका निर्णयहरु

निर्णय नं १. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय वितरण गर्ने समेत कार्यका लागि नगर कार्यपालिकाको मिति २०७५/०९/११ बैठकवाट गठित समन्वय समितिमा देहाय बमोजिम मनोनयन/सदस्य तोक्ने निर्णय गरियो ।

(क) नगरपालिकाको उप प्रमुख- संयोजक
(ख) नगरपालिकाको महिला सदस्य मध्येवाट

अनिता चौधरी- सदस्य

(ग) खिमबहादुर शाह मा.वि का प्रधानअध्यापक- सदस्य

(घ) लमही अस्पतालका मे.सु.- सदस्य

(ङ) वडा प्रहरी कार्यालयको प्रमुख- सदस्य

(च) श्री समावेशी अपाङ्ग संघ, दाङ का प्रमुख- सदस्य

(छ) नगरपालिकाको स्वास्थ्य शाखा संयोजक- सदस्य

निर्णय नं. २ लमही नगरपालिका, लमही, दाङ, पशु सेवा तर्फ आ.व. २०७५/७६ को स्वीकृत नीति तथा कार्यक्रम पशु सेवा उप-शाखावाट प्रस्ताव भए अनुरुप तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं | स्वीकृत भएको वार्षिक कार्यक्रम | | | संशोधन पछि हुनुपर्ने वार्षिक कार्यक्र | | | कारण |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमको नाम | लक्ष्य | बजेट | कार्यक्रमको नाम | लक्ष्य | बजेट | |
| १ | इलेक्ट्रिक चारा मेशिन ५० प्रतिशत अनुदानमा वितरण | २० | ५,००,०००। | १. इलेक्ट्रिक चारा मेशिन ५० प्रतिशत अनुदानमा वितरण | १० | २,५०,०००। | इलेक्ट्रिक चारा मेशिन प्रत्येक वर्ष वितरण भएको हुँदा वार्षिक लक्ष्यबाट कम गरिएको र चिलिङ भ्याटको आवश्यकता देखिएको हुँदा थप गरिएको । |
| | | | | २. चिलिङ भ्याट ५०० लि क्षमताको निशुल्क वितरण | १ | २,५०,०००। | |
| जम्मा | | | ५,००,०००। | | | ५,००,०००। | |

प्रमुख प्रशासकिय अधिकृत
२०७५/१०/१०

Scanned with CamScanner

निर्णय नं. ३. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय वाट कृषि योग्य जग्गाको खण्डिकरण सम्बन्धमा जारी गरिएको निर्देशन अनुरुप लमही नगरपालिका वडा नं. ५, साविक चैलाही गा.वि.स.- २ ग, घ, ङ, च, छ, ज लाई गैर कृषि क्षेत्रको रुपमा सिफारिस गर्ने निर्णय गरियो । साविक चैलाही गा.वि.स-२ क र ख को हकमा अर्को कार्यपालिकाको बैठकवाट निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. नगरसभाबाट आ.व.२०७५/०७६ को लागि पारित वडा स्तरीय योजना सम्झौता गर्ने कार्य अर्को निर्णय नहुँदासम्मको लागि निरन्तरता दिने निर्णय गरियो ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

०५।१०।१०

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ५. लमही अस्पतालमा कार्यरत तपसिल बमोजिमका कर्मचारीको २०७५ श्रावण १ गते देखि २०७६ असार मसान्तसम्म म्याद थप गर्ने तथा तलब भुक्तानी हुन बाँकी कर्मचारीहरुको तलब भुक्तानी गर्ने निर्णय गरियो ।

लमही अस्पतालमा सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्वन्धी विवरण

| क.स. | नाम, थर | पद | नियुक्ति मिति | तलब भत्ता नपाएको महिना | असार मसान्त सम्म खाईपाई आएको तलब भत्ता | २०७५ साउन १ गते देखि लागु हुने तलब भत्ता | २०७५ मंसिर २१ गते देखि लागु हुने तलब भत्ता | म्याद समाप्त भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री सिर्जन पौडेल | ल्य.टे | २०७५/०२/२२ | २०७५/०४/०१ | रु १०,०००।- | १००००।- | - | २०७५/०६/०१ | करार |
| २. | श्री धिरेन्द्र चौधरी | फा.स. | २०७५/०८/१८ | २०७५/०८/२१ | - | - | रु २०,०००।- | - | करार |
| ३. | श्री विवेक चौधरी | ल्या.अ | २०७५/०२/२२ | २०७५/०४/०१ | रु ८,५००।- | ८,५००।- | - | २०७५/०६/०१ | करार |
| ४. | श्री शिला चौधरी | अ.न.मी. | २०७४/१०/१४ | २०७५/०४/०१ | रु ८,५००।- | १०,०००।- | - | २०७५/०६/०१ | करार |
| ५. | श्री तपेन्द्र तिरुवा | रे.ग्रा | न.पा. बाट सम्झौता भएको | तलब भत्ता केही नपाएको | प्रति प्लेट रु ५०।- | प्रति प्लेट रु ५०।- | - | २०७५/०९/३० | करार |
| ६. | श्री कलशपति चौधरी | का.स. | म्याद थप नभएको | २०७५/०४/०१ | रु ६,४४०।- | ६,४४०।- | - | २०७५/०९/३० | ज्यालादारी |
| ७. | श्री सुनिता चौधरी | का.स. | म्याद थप नभएको | २०७५/०४/०१ | रु ६,३३०।- | ६,३३०।- | - | २०७५/०९/३० | ज्यालादारी |

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ६. लमही अस्पतालमा कार्यरत सेवा करारमा कार्यरत कर्मचारीहरुमध्ये फार्मेसी सहायक श्री सन्तोष न्यौपाने अन्तरवार्ताबाट छनौट भई सेवा करार गर्ने समयमा तत्कालीन अस्पताल विकास समिति विघटन भई निजसँग सेवा करार गर्न बाँकी नै भएता पनि निजले सोही मितिबाट निरन्तर सेवा दिँदै आउनुभएकोले निजको हकमा ०७५/०४/०१ गते देखि नै लागु हुने गरि सेवा करार सम्झौता गरि पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो । साथै फार्मेसी सहायक श्री अनिल चौधरीलाई २०७५ साउन महिना देखि तलब भुक्तानी हुन बाँकी तलब भुक्तानी गर्ने र २०७५ श्रावण १ गते देखि ०७६ असाढ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

| क.स. | नाम, थर | पद | नियुक्ति मिति | तलब भत्ता नपाएको महिना | असार मसान्त सम्म खाईपाई आएको तलब भत्ता | २०७५ साउन १ गते देखि लागु हुने तलब भत्ता | २०७५ पुष १ गते देखि लागु हुने तलब भत्ता | म्याद समाप्त भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री अनिल चौधरी | फा.स. | २०७४/१०/१४ | २०७५/०४/०१ | रु १०,०००।- | १५,०००।- | रु २०,०००।- | २०७५/०६/०१ | करार |
| २. | श्री सन्तोष न्यौपाने | फा.स. | नियुक्ति नभएको | २०७५/०४/०१ | - | १५,०००।- | रु २०,०००।- | - | करार |

प्रमुख प्रशासकिय अधिकृत
२०७५/१०/१०

Scanned with CamScanner